# मंगलसेन नगरकार्यपालिका

आ.व. २०८३/०८४ बैठक संख्या:३ मिति:२०८३/०६/२०

नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितीमा बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरीयो ।

| क्र.स. | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|
| १ | **दोस्रो कार्यपालिका बैठक निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा:**<br>दोस्रो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको र हालसम्म भएका विकास निर्माण तथा सेवा प्रवाहको अवस्था सम्बन्धमा समग्र समिक्षा गरियो। |
| २ | **उपभोक्ता समिति गठन, दर्ता, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृति सम्बन्धमा:**<br>नगरपालिकाको विकास निर्माणका कार्यमा स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गर्दै स्थानीय योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन प्रक्रियालाई सार्वजनिक खरिद दोस्रो संशोधन ऐन, २०८३ र सार्वजनिक खरिद सोहौं संशोधन नियमावली, २०८३ अनुकूल बनाउन उपभोक्ता समितिको गठन, दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृति गर्ने। |
| ३ | **नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृति सम्बन्धमा:**<br>नगरपालिकाको नीति, नियम, कानून, मापदण्ड तथा निर्णय प्रभावकारी रूपमा कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना, सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)क ले दिएको अधिकार प्रयोग गरी नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृति गरियो। |
| ४ | **जि.स.स. अछामसंग जग्गा हक हस्तान्तरणको लागि आवश्यक सहयोग माग सम्बन्धमा:**<br>वडा नं. ५ मापदण्डअनुसार प्रशासनिक भवन निर्माण गर्न पर्याप्त जग्गा उपलब्ध नरहेकोले अछाम जिल्ला, मंगलसेन नगरपालिका वडा नं. ५ मा रहेको जिल्ला समन्वय समितिको हकभोग, स्वामित्वमा रहेको (हाल अछाम गेष्ट हाउस संचालनमा रहेको) जग्गा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९८ उपदफा (३) मा भएको व्यवस्था बमोजिम वडा नं ५को नाममा हक हस्तान्तरण हुने गरि नेपाल सरकारसमक्ष सिफारिशका लागि जिल्ला समन्वय समिति अछामलाई अनुरोध गर्ने। |
| ५ | **सडक मर्मत संभार सम्बन्धमा:**<br>आउँदै गरेको दशैं एवं चाडपर्वलाई मध्येनजर गर्दै वर्षाले गर्दा विभिन्न स्थानमा पहिरो, खाल्डाखुल्डि लगायतले विभिन्न सडकहरु अवरुद्द तथा जोखिमपूर्ण भएकोले देहायका सडकहरु पालिका डोजर/उपभोक्ता समिति/फर्म मार्फत मर्मत संभार कार्य अगाडि बढाउने। |
| ६ | **सेफहाउस अन्तर्गतका कर्मचारीको त.भ.सम्बन्धमा:**<br>मिति २०८३ श्रावण ५ गते बसेको जिल्लास्तर सामाजिक विकास समिति बैठकको निर्णय नं ३मा सेफ हाउस संचालनका लागि कर्मचारी व्यवस्थापन सम्वन्धमा सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, |

२०८३ बमोजिम आवश्यक कर्मचारीको पदपूर्ति, नियुक्ति, करार सेवा, परिचालन, सेवा-सुविधा तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य आवश्यक प्रक्रिया सम्बन्धि जिम्मेवारी सेफ हाउस संचालक समिति लाई प्रदान गर्ने निर्णय भएकोमा पालिकाबाट पारित हुन बाँकि नै रहेकोले अविछिन्न कार्यरत कर्मचारीहरुलाइ सो कार्यविधि पारित भइ सेवासुविधा तय नहुन्जेल असोज महिनासम्मको तलब भत्ता तथा दशैं पेश्कि सो कार्यक्रमसंग सम्बन्धित विनियोजित विविध कोषबाट भुक्तानी गर्ने।

७ **नगर शिक्षा समितका निर्णयहरु अनुमोदन सम्बन्धमा:**

नगर शिक्षा समितिको मिति २०८३/०६/१९ गतेको निर्णय बमोजिम अनुमोदनका लागि सिफारिश भइ आएका देहायका निर्णयहरु अनुमोदन गर्ने।

निर्णय नं. १(नगर शिक्षा समिति) शिक्षण सुधार अनुदान कार्यविधि–२०८३ को व्यवस्था बमोजिम प्रस्तावित कार्यक्रमहरु स्वीकृत गर्ने ।

निर्णय नं. २(नगर शिक्षा समिति)

सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकको अभाव देखिएको सम्बन्धमा अनुगमन समितिले पेश गरेको प्रतिवेदनका आधारमा विषयगत शिक्षक व्यवस्थापन गर्न प्रचलित कानुन तथा मापदण्डको अधीनमा रही आवश्यकता अनुसार समायोजन गर्ने र यसरी विद्यालयगत तथा विषयगत शिक्षक दरबन्दीको अभावलाई यथासम्भव सम्बोधन गर्ने र भर्ना प्रकिया अगाडी बढाउन अनुमतिका लागी शिक्षा विकास तथा समन्वय एकाइ अछामलाइ अनुरोध गर्ने।

निर्णय नं. ४(नगर शिक्षा समिति)

मंगलसेन नगरपालिका अन्तर्गतका तपसिलमा उल्लिखित ३ वटा विद्यालयलाई जम्मा रु. ४,२९,०००।–(अक्षरेपी चार लाख उनन्तीस हजार रुपैयाँ मात्र)अनुदान उपलब्ध गराउने भनी मिति २०८२ असार १७ गते बसेको नगर शिक्षा समिति वैठकबाट भएको निर्णय वमोजिम उक्त रकम चालु आ.व.२०८३/८४ मा शिक्षण सुधार अनुदानका लागि विनियोजित बजेट बाट तोकिएका विद्यालयहरुलाई अनुदान रकम उपलब्ध गराउने।

निर्णय नं. ५(नगर शिक्षा समिति)

मंगलसेन नगरपालिकालाइ आ.व.२०८३।८४ मा शिक्षा ससर्त कार्यक्रम अन्तर्गत स्वीकृत गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान प्राप्त बजेटलाई श्री ज्ञानदिप आधारभूत विद्यालय म.न.पा-३ लाछिमनालाइ छनोट गर्ने।

८ **रकम विनीयोजन सम्बन्धमा:**

विभिन्न वडा/संघसँस्था/समुदायबाट निर्माण/मर्मत तथा कार्यक्रम संचालन सम्वन्धमा प्राप्त निवेदनहरु माथि छलफल गर्दा तपसीलका योजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने।

| क्र.स | योजना तथा कार्यक्रमको नाम/ठेगना | माग रकम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शिव निवास आ.वि. शौचालय निर्माण | ५३४८१६ | ३५०००० | खा.पा.तथा सरसफाई शिर्षक |
| २ | अछाम गजल मंच, कार्यक्रम संचालन | २००००० | १२०००० | शिक्षा शाखा/सिफारिश |
| ३ | प्रहरी दशैं रंगरोगन | १०००० | १०००० | कार्यालय व्यवस्थापन |
| ४ | मालिका होमकुण्ड निर्माण | १५८००० | १५८००० | अन्य सार्वजनिक निर्माण |
| ५ | कुस्नाव सडक मर्मत/खौला पर्खाल निर्माण | १८३००० | १५०००० | मुख्य सडक मर्मत |
| ६ | वडा नं ६ सडक मर्मत | १००००० | १००००० | मुख्य सडक मर्मत |
| ७ | कुकुडिपाटा मानवस्ता सडक मर्मत | २५०००० | १००००० | मुख्य सडक मर्मत |



मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

**९ सघन शहरी विकास कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस सम्बन्धमाः।**

चालु आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने सघन शहरी विकास कार्यक्रम अन्तर्गत सम्बन्धित निकायबाट प्राप्त पत्र तथा सघन शहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को परिच्छेद-३ तथा दफा ६ मा उल्लिखित आयोजना पहिचान, प्राथमिकिकीकरण तथा छनोटसम्बन्धी व्यवस्थाका आधारमा देहायका आयोजनालाई सघन शहरी विकास कार्यक्रम छनोट गरी सिफारिस गर्ने।

| प्रा.नं. | आयोजना/क्रियाकलापको नाम/स्थान | अनुमानित लागत |
|---|---|---|
| १ | मंगलसेन बजारभित्रका सडक स्तरोन्नति/पिच (२.५ कि.मि.) | |
| २ | मुख्य बजार/नालि व्यवस्थापन र डम्पिङ्ग साईट पूर्वाधार मर्मत/निर्माण | |
| ३ | झाडफुंगा-नागातोला पार्क निर्माण | |
| ४ | घट्टेखोला-कालागाउँ सडक स्तरोन्नति/ग्रावेल (६ कि.मि) | |
| ५ | तिखाडा-गाढे-कुन्ति सडक स्तरोन्नति/ग्रावेल (८ कि.मि) | |

**१० स्रोतान्तर मिलान गरि खर्च लेखन सम्बन्धमाः।**

यस मंगलसेन नगरपालिकामा चालु आर्थिक वर्ष २०८३/०८४ स्वीकृत बार्षिक बजेट को चालु खर्च शिर्षक अन्तर्गत बजेट सुत्र प्रणालीमा प्रविष्टिका क्रममा प्राविधिक त्रुटिवस विकास कार्यक्रम शिर्षकमा समानीकरण स्रोतबाट प्रविष्टि हुनुपर्नेमा राजस्व बाँडफाँडबाट भएको र तलव भत्ता शिर्षकमा राजस्व बाँडफाँड/आन्तरिक स्रोतबाट प्रविष्टि हुनुपर्नेमा समानीकरण अनुदानबाट भएका बजेट शीर्षकमा रकम स्रोतान्तर मिलान हुनेगरि खर्च लेखाङ्कन गर्ने।

मंगलसेन नगरपा...
नगर कार्यपालिकाको
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश



CS CamScanner